नयाँ पत्रिका राष्ट्रिय दैनिकमा २०७६।०९।०९ मा प्रकाशित

कम्पनी दर्ता नं २०१३३०/२०७५/०७/०७

ने.रा.बैं/इ.प्रा./"घ"/९१/०७५/०७६

# श्रृजनशील लघुवित्त वित्तीय संस्था लि.

(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'घ' वर्गको वित्तीय संस्था
(राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय : गोलबजार न.पा. ७, चोहर्वा (सिरहा)
फोन नं. ०३३-४०१०८४, ४०११२३
Email : info@shrijanshil.com.np, Website : www.shrijanshil.com.np

## प्रथम वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७६/०९/०९ गते)

***श्री आदरणीय शेयरधनी महानुभाव ज्यूहरू,***

यस श्रृजनशील लघुवित्त वित्तीय संस्था लि.को मिति २०७६/०९/०७ गते बसेको संचालक समितिको ३४ औं बैठकको निर्णय बमोजिम प्रथम वार्षिक साधारण सभा देहायका प्रस्तावहरू माथि छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारणसभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७६ पुस २९ गते मंगलबार

**समय** : बिहान ८:०० बजे

**स्थान** : वित्तीय संस्थाको केन्द्रीय कार्यालय, गोलबजार न.पा. ७, चोहर्वा (सिरहा)

**छलफलका विषयहरू :**

**साधारण वा सामान्य प्रस्तावहरू :**

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा।

२. लेखापरीक्षकको प्रतिवेदनसहित २०७६ असार मसान्तसम्मको वासलात, आ.व. २०७५/०७६ को नाफा नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाह विवरण एवम् सो सँग सम्बन्धित अनुसूचीहरू पारित गर्ने सम्बन्धमा।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार वित्तीय संस्थाको आ.व. २०७६/०७७ को लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

४. विविध,

**विशेष प्रस्तावहरू :**

१. वित्तीय संस्थाको अधिकृत पूँजी ५०,००,००,०००।०० , जारी पूँजी २०,००,००,०००।००० तथा चुक्ता पूँजी १४,००,००,०००।०० पुर्‍याउने गरी बृद्धि गर्ने र तदनुरुप हुने गरी प्रबन्धपत्र तथा नियमावलीको सम्बद्ध दफामा संशोधन गर्ने।

२. नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत अन्य नियमनकारी निकायहरूबाट प्रबन्ध पत्र तथा नियमावलीमा भएका संशोधन/थप उपर नियमनकारी निकायबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा, सो मुताविक संशोधन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा।

३. आगामी कार्यकालका लागि संचालक समिति चयन गर्ने सम्बन्धमा।

४. कुनै पनि लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति/समाहित (Acquisition) हुने प्रयोजनको लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न, परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्न र निजको पारिश्रमिक निर्धारण गर्न, अन्य वित्तीय संस्थाहरूको शाखाहरू खरिद तथा प्राप्ति गर्ने लगायतका कार्यहरूसँग सम्बन्धित आवश्यक कार्यहरू गर्नका लागि संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

५. सञ्चालक समितिको बैठक भत्ता, भ्रमण भत्ता बृद्धि तथा संचार र पत्रपत्रिका खर्च उपलब्ध गराउने सम्बन्धमा।

६. विविध

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

### वार्षिक साधारणसभा सम्बन्धी थप अन्य जानकारी :

१. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरूले आ-आफ्नो परिचय खुल्ने कुनै पनि परिचय पत्र अनिवार्य लिई आउनु पर्नेछ।

२. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले सो सम्बन्धी निवेदन साधारण सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै बिहान ७:३० बजेभित्र यस संस्थाको केन्द्रीय कार्यालय गोलबजार न.पा. ७ सिरहामा दर्ता गराई सक्नु पर्नेछ। शेयरधनी बाहेक अन्यलाई प्रतिनिधि नियुक्त गर्न पाईने छैन। प्रोक्सि फारम संस्थाको वेभसाइटबाट डाउनलोड गर्न सकिनेछ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत वा हस्ताक्षर गर्नु पर्नेछ। शेयरधनी उपस्थित पुस्तिका सभा हुने दिन बिहान ७:३० बजेदेखि खुला रहनेछ।

४. थप जानकारीको लागि यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय गोलबजार ७, सिरहामा सम्पर्क राख्न सक्नु हुनेछ।